मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १६६ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८२ असार १४ गते शनिबार ❑ 28 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## एसइईको नतिजा सार्वजनिक, ६१.८१ प्रतिशत परीक्षार्थी ग्रेडेड

**रासस**
काठमाडौं, १३ असार

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सार्वजनिक गरेको छ । परीक्षामा ६१.८१ प्रतिशत परीक्षार्थी ग्रेडेड भएका छन् ।



शुक्रबार सार्वजनिक नतिजाअनुसार विसं २०८१ को एसइई परीक्षामा नियमिततर्फ सहभागी चार लाख ३८ हजार ८९६ परीक्षार्थीमध्ये ३.६ जिपिएदेखि ४ जिपिएसम्म ल्याउने ४८ हजार १७७ जना, ३.२ जिपिएदेखि ३.६ जिपिए ल्याउने ८१ हजार ३८५ जना र २.८ जिपिएदेखि ३.२ जिपिए ल्याउने ८९ हजार १२४ जना परीक्षार्थी रहेका छन् ।

त्यसैगरी २.४ जिपिएदेखि २.८ जिपिएसम्म ल्याउने ४८ हजार ४७९ जना, २ जिपिएदेखि २.४ जिपिए ल्याउने चार हजार १२६ जना र १.६ देखि २ जिपिए ल्याउने आठ जना परीक्षार्थी रहेका छन् ।

१२६ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो । एक लाख ६७ हजार ५९७ विद्यार्थी नतिजा अवर्गीकृत भएका छन् ।

यसैगरी प्रधानमन्त्री केपी शर्मा ओलीले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ग्रेड प्राप्त गरेका विद्यार्थीलाई बधाई ज्ञापन गर्नुभएको छ । सामाजिक सञ्जालमार्फत आज प्रधानमन्त्री ओलीले एसइईमा ग्रेड नपाउने विद्यार्थीहरूले यसलाई नै अन्तिम परीक्षा नठान्न र सफलताको अर्को दिन आउने बताउनुभएको छ । उहाँले एसइई परीक्षाको नतिजा सुधार गर्न आफूले गरेको मेहिनतले काम लागेको बताउनुभयो । “यसवर्ष करिब ६१.८१ प्रतिशत परीक्षार्थीले ग्रेड प्राप्त गर्नुभएको छ । गतवर्ष ४७.८६ प्रतिशत परीक्षार्थीले मात्र ग्रेड प्राप्त गर्नुभएको थियो भने ५२.१४ प्रतिशत परीक्षार्थी ननग्रेडेड रहनुपरेको थियो । बितेको वर्षमा नतिजा सुधार गर्न हामीले गरेको मेहिनत काम लागेको छ ।

ग्रेड नपाउने विद्यार्थीहरूले यसलाई नै अन्तिम परीक्षा नठान्नु होला, सफलताको अर्को दिन आउने छ । सबै भाइबहिनीहरूलाई बधाई !” प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमा लेख्नुभएको छ ।

प्रधानमन्त्री ओलीले विद्यार्थी नानीबाबुको मेहिनत सफल भएको र अब भविष्य निर्माणको अर्को यात्रा सुरू गर्न आग्रह गर्नुभएको छ ।

## फोटोमा सजियो पोखरा-९ को विकासक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

नेपाल फोटो पत्रकार संघ (एनपीजेए) कास्कीले पोखरा महानगरपालिका-९ मा भएको विकासक्रमको फोटो प्रदर्शन गरेको छ ।



पोखरा महानगरपालिका वडा नम्बर ९ को सहयोगमा शुक्रबार महेन्द्रपुलस्थित अन्तर्राष्ट्रिय झण्डा पार्क नजिकैको फल्चामा ‘तस्बिरमा पोखरा-९’ फोटो प्रदर्शनी गरिएको हो । कार्यक्रममा पोखरा महानगरपालिका-९ वरपरका क्षेत्रसँगै समग्र पोखराको ऐतिहासिक, पर्यटकीय, समसामायिक विषयका विकास क्रम झल्कने फोटो राखिएको एनपीजेए कास्कीका अध्यक्ष राम गुरुङले बताए । विभिन्न कालखण्डमा खिचिएका ४० फोटो प्रदर्शनीमा राखिएको उनले जानकारी दिए । कार्यक्रममा फोटो अवलोकन गर्नेहरुको उल्लेखनीय सहभागिता रहेको अध्यक्ष गुरुङले बताए । पोखरा ३ का वडाअध्यक्ष प्रकाशमान उदाससहित पोखरा ९ का वडासदस्यहरु, पत्रकार स्थानीय, विद्यार्थीहरुको सहभागिता थियो । फोटोको माध्यमबाट पोखराको पर्यटन प्रवर्द्धनसँगै पोखराको ऐतिहासिकता दर्साउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको उनको भनाई थियो । फोटो प्रर्दशनीको पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले उद्घाटन गरे ।

कार्यक्रममा वडाध्यक्ष मर्सानीले प्रदर्शनीमा राखिएका फोटो वडाको दस्तावेज र विकासको नमुना भएको दाबी गरे । पुराना फोटोले तत्कालिन अवस्था र हालको फोटोले विकास क्रममा माथि उठ्दै गरेको स्पष्ट देखिएको उनको भनाइ थियो । फोटोको माध्यमबाट पर्यटकले पोखराका बारेमा छिटो जानकारी प्राप्त गर्न सक्ने भएकाले फोटो पत्रकारले आयोजना गरेको कार्यक्रममा वडा कार्यालयले साथ दिएको अध्यक्ष मर्सानीले सुनाए । पोखरा पर्यटकीय राजधानी घोषणा भइसकेको र पोखरा भ्रमण वर्ष २०२५ सञ्चालन भइरहेको समयमा फोटो प्रदर्शनीले भएकोमा महत्वपूर्ण भूमिका खेल्ने उनले बताए । आगामी दिनमा पनि फोटो पत्रकारले आयोजना गर्ने सिर्जनात्मक कार्यक्रम वडा कार्यालयले साथ दिने उनको प्रतिवद्धता थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष माधव रेग्मीले पत्रकारितामा फोटो अपरिहार्य रहेको बताए । शब्दले उल्लेख गर्न नसक्ने विषय फोटोले बुझाउन सहयोग पुग्ने भएकाले सबै सञ्चार गृहले फोटो पत्रकार नियुक्त गर्नुपर्नेमा उनको जोड थियो ।

## पुराना योजनाका कारण गोर्खा र कास्कीमा बढी बजेट विनियोजन भएको हो: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गोर्खा र कास्कीमा पुराना बहुवर्षीय योजनाहरुका कारण बढी बजेट विनियोजन गर्नुपरेको बताउनु भएको छ ।

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम माथि उठेका प्रश्नको जबाफ दिदै शुक्रबार प्रदेश सभामा उहाँले गोर्खा र कास्कीमा पुराना बहुवर्षीय योजनाहरुका कारण बढी बजेट विनियोजन गर्नुपरेको स्पष्ट पार्नु भएको हो ।

२०७४ देखि २०७८ सालसम्म क्रोनिक रुपमा रहेका योजना र २०७९ सम्मका बहुबर्षीय योजनाहरुले बजेटीय दायित्व बढाएको मुख्यन्त्री पाण्डेको भनाई छ । गोर्खा जिल्लामा मात्रै ३६ करोड २४ लाख रुपैयाँ बराबरको दायित्व सिर्जना भएका योजनामा बजेट विनियोजन गरिएको उहाँले दाबी गर्नुभयो । आगामी अर्को वर्षका लागि कम्तीमा ७० करोड रुपैयाँ आवश्यक पर्ने मुख्यमन्त्री पाण्डेले दाबी गर्नुभयो ।

त्यस्तै, प्रदेशको राजधानी समेत रहेको कास्कीमा मन्त्रालय, कार्यालय र निर्देशनालयको संख्याका कारण धेरै योजना केन्द्रित भएको बताउँदै उहाँले प्रदेश सरकारको ध्यान सो क्षेत्रतर्फ केन्द्रित हुनुलाई स्वाभाविक भएको बताउनुभयो । गण्डकी प्रदेशको राजधानी घोषणा गरिएको कास्कीको पोखरा र पोखरा आसपासको क्षेत्रमा केही बढी बजेट पर्नु स्वभाविक भएको उहाँको भनाई थियो ।

खानेपानी क्षेत्रतर्फ सरकार अत्यन्त गम्भीर रहेको मुख्यमन्त्री पाण्डेले स्पष्ट पार्नुभयो । आउँदो वर्षका लागि ४२२ वटा खानेपानी योजना सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिएको उल्लेख गर्दै उहाँले “न्यूनतम ५० लाखको लागतमा सम्पन्न हुने योजना“लाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । सरकारसँग हालसम्म करिब २ हजार ३ सय खानेपानी योजना सम्पन्न गर्ने दायित्व रहेको उहाँको भनाइ थियो ।

सरकार पुराना योजनाका दायित्वमा केन्द्रित भएको बताउँदै उहाँले नीलो कोट (कर्मचारी) का विषयमा पनि संवेदनशील भएर काम गरिरहेको जिकिर गर्नुभयो ।नीति तथा कार्यक्रम बीच तारतम्य मिलाइएको दाबी गर्दै उहाँले कसै-कसैले उठाएका प्रश्नहरू कविता वा गीतबाट मात्रै विभेद अन्त्य गर्न नसकिने भन्दै सरकार कार्यगत रुपमा काममा प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो ।

भौतिक पूर्वाधार विकास मन्त्रालयतर्फ मात्र अहिले १७ अर्ब रुपैयाँको दायित्व रहेको भन्दै चालु आर्थिक वर्षभित्र ३ अर्बदेखि ४ अर्ब रुपैयाँसम्मको दायित्व घटाउने लक्ष्य लिइएको जानकारी उहाँले दिनुभयो । उहाँले सांसदहरूले बजेट माग्दा “न्यूनतम ५० लाखभन्दा कमको माग नगर्ने“ धारणा सरकारको रहेको पनि स्पष्ट पार्नुभयो । त्यसका बाबजुद केही सांसदहरूले साना टुक्रे योजना मागेको आरोप समेत उहाँले लगाउनुभयो ।“सुनेकै छु, बुझेकै छु; संसार सानो भएको हो, सपनाहरू अधुरा छन्,“ भन्दै मुख्यमन्त्री पाण्डेले भावुक शैलीमा आफ्नो मन्तव्य टुंग्याउनुभएको थियो ।

## गण्डकी प्रदेश सरकारको बजेट पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

गण्डकी प्रदेश सरकारको आगामी आव २०८२/०८३ को बजेट प्रदेशसभाबाट बहुमतले पारित भएको छ ।

यही असार १ गते सार्वजनिक बजेट र मन्त्रालयगत विनियोजनमाथि प्रदेशसभामा भएको छलपछि शुक्रबार बजेट पारित गरिएको हो । यसअघि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुग्लिन पोखरा सडक: पूर्वी खण्डको कालोपत्र सकिएपछि खुसियाली

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ असार

मुग्लिन पोखरा सडकअन्तर्गत पूर्वी खण्डको कालोपत्रको काम सकिएपछि खुसियाली साटासाट गरिएको छ ।




आँबुखैरेनीदेखि जामुनेसम्मको सडकअन्तर्गत चार लेनको कालोपत्र सकिएसँगै निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले आज तनहुँको बन्दीपुर गाउँपालिका-४ विमलनगरमा एक कार्यक्रमको आयोजना गरी खुसी साटासाट गरेको हो । उक्त कार्यक्रममा निर्माण कम्पनीका प्रतिनिधि, परामर्शदाता, कामदारलगायतको उपस्थिति थियो । मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पाण्डेले कालोपत्रको मुख्य काम सकिएसँगै अनौपचारिक रूपमा कार्यक्रम गरी खुसी साटासाट गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “पूर्वी खण्डको आँबुखैरेनीदेखि जामुनेसम्मको चार लेनमा ‘डबल’ लेनमा कालोपत्र सकिएको छ, मुख्य काम सकिएको खुसियालीमा निर्माण कम्पनीले अनौपचारिक हिसाबले कार्यक्रम गरेको हो ।” पाण्डेका अनुसार पूर्वी खण्डमा अब स-साना काम मात्रै बाँकी छ ।

४१ दशमलव पाँच किलोमिटर दूरीको उक्त खण्डमा सडक सुरक्षा, सडक मार्किङलगायतका काम पनि भइरहेका छन् । सम्झौता भएको तीन वर्ष र पछिल्लो ४५६ दिनको अवधिमा कालोपत्रको काम सकिएको उहाँको भनाइ छ । यो खण्डको अन्तिम म्याद आगामी असार २९ गतेसम्म रहेको छ । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारी साधनको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाइएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# समाजसेवामा अब्बल बड्गामीले बनाए भद्रकालीमा बैठक कक्ष

**शोभाकान्त सिग्देल**
पोखरा, १३ असार

चश्मा । चिटिक्क सर्ट र प्वाइन्ट । टलक्क टल्केको अनुहार । खैरो रंगको कोर्ट । पाँच फिट चार इन्च उचाई । ७३ किलो तौल । भलादमीपन । थोरै बोल्ने । काम गर्न धेरै रुचाउने । समय मिल्यो कि यामाहाको आरएक्समा भद्रकाली माविमा प्रवेश । विद्यालयमा न जागिर थियो । तै पनि हप्तामा दुइ तीन पटक विद्यालयमा प्रवेश । विद्यालयलाइ कसरी राम्रो बनाउने हुटहुटीले प्रवेश गरायो । उमेरले ५० नाघे पनि जोश जाँगर २० वर्षे युवाको भन्दा कम थिएन । जोश जाँगर र सल्लाह विद्यालय हात भित्रको हरेक भौतिक निर्माणमा जोडिएका छन् हरिगोपाल बड्गामी । परिश्रम मात्र नभै आर्थिक सहयोग समेत पस्केका छन् भद्रकालीमा । वि.स. २००७ साल फागुन ७ गते प्रजातन्त्रको उदय सँगसँगै वि.स.२००८ सालमा स्थापित विद्यालयको भौतिक निर्माणमा २०६० सालमा पण्डित नारायणप्रसाद पोखरेलवाट भागवात वाचन गर्न लगाई महायज्ञ सम्पन्न गरियो । महायज्ञ अवधि भरी चक्र झै घुम्ने वड्गामी तीन लाख भन्दा बढि दान गरी अग्रपंक्तिमा उभिन पुगे । भद्रकाली माविमा दानविर मात्र नभै असल अभिभावकको पनि अभिभाकत्व ग्रहण गरे । । उहाँको जेठो छोरा राजन, माइलो छोरा मे.रन्जन भद्रकालीमा सात कक्षा सम्म अध्ययन गरेका थिए । आठ कक्षा नभएकै कारण दुइ छोराको शिक्षा अमरसिंह मावि तर्फ मोडियो । कान्छो छोरा रोशन भने भद्रकली माविवाट नै एसएलसी उर्तिणा भए । उमेरले ६० पुगे तर जोस जाँगर घटेन झन बढ्यो । वि. सं २००१ साल जेठ १३ गते वडा नं २ स्थित भैरव टोलमा जन्मेका बड्गामीको युवा अवस्थादेखी व्यवसाय रुची थियो । भैरव टोलमा बड्गामी प्रेसका जन्मदाता नै हरिगोपाल रहेका थिए । साथै २०१५ सालमा गंगा प्रेसको नाममा छाप्ने कार्य सुरु भयो । जुन प्रेसमा पोखराको पहिलो पत्रिका हिमदूत छापिन्थ्यो । पत्रिकाको प्रकाशक तथा सम्पादक जगन्नाथ सिग्देल हुनुहुन्थ्यो । पोखराको पिहलो पत्रकार जगन्नाथ सिग्देलेको जन्म विस १९९३ फागनु २१ गते भएको थियो । जगन्नाथकै सक्रियतामा विस २०१७ साल कार्तिक २६ गते हिमदूत पत्रिका प्रकाशन भएको थियो । पत्रिका प्रकाशन भएको केही महिना पछि २०१८ साल असोज १८




गते जगन्नाथ सिग्देलको स्वर्गारोहण भयो । जगन्नाथ सिग्देलको नाममा उहाँकै छोरी जगदम्बा सिग्देल(घिमिरे) र ज्वाइँ विष्णुदत्त घिमिरेले १० लाखको अक्षयकोष राखी जगन्नाथ सिग्देल सृजनशील युवा पत्रकारिता पुरस्कार स्थापना गरेका छन् । पोखराको पहिलो पत्रिका हिमदूत प्रकाशनमा बड्गामीको पनि ठूलो देन रहेको छ । त्यसैगरी अञ्चल स्तरीय फुटवल प्रतियोगितामा व्यवसायमा होमिएका बड्गामी गण्डकीवाट विरगन्जमा हुने प्रतियोगितमा छनोट भए । सानै उमेरवाट फुटवलमा रुची राख्ने बड्गामी धौलागिरी समुह, बाल मन्दिर समुहवाट डिफेन्डर भएर खेल्थे । विस २०२४ साल सम्म फुटवल प्रतियोगितमा उपाधि सँगै गिलास र कप हात पारेका सुनाए । जन्म भैरव टोल भए पनि वड्गामी गौडाकोमुख हुँदै बाँझापाटनमा विस २०२४ सालमा किरना पसल सुरु सँगै कपडा पसल र चिउरा मिसन संचालन गर्दै समाजसेवामा पनि सक्रिय रहि आजसम्म पनि कहिले इनटाइसर कहिले हुन्डाइको भेन्यूमा भद्रकाली स्कूलमा आउने जाने क्रम चलिरहेको छ । उहाँको हरेक पाइला पाइलामा श्रीमती पूर्णमाया र छोराहरुको पनि उत्तिकै सहयोग रहेको छ । वड्गामीको सहयोगी कर्म २०८१ साल सम्म विद्यालय हातभित्र निर्माणधिन कार्यमा संयोजकको रुपमा अविच्छिन सहयोग गर्दै आएका छन् । भौतिक निर्माणमा सक्रिय भएका बड्गामीको छाती हिमाल झै फुकेको छ । समुन्द्र रुपी सहयोगी मनले ओतप्रोत भएका बड्गामीले जेहेन्दार र इमान्दार दुई विद्यार्थी कक्षा १० मा अध्ययनरत सम्झना गुरुङ र कक्षा ९ मा अध्ययनरत पवन गुरुङ दुवै जनालाई कक्षा १२ सम्म निःशुल्क पढाइदिने घोषणा गरिसक्नु भएको छ । उनै बड्गामीलाई ससुरा स्व.टेकवहादुर ढेवाजूको प्रेणाले शिक्षा क्षेत्र र धार्मिक क्षेत्रमा सहयोग गर्न धेरै उर्जा मिलेको भने । साथै श्रीमती, तीन छोरा वुहारीहरु र आठ नाति नातिना र आठ पनाति पनातिनीको सहयोगले नै आजसम्म मलाई सामाजिक कार्यमा थप प्रेणा मिल्दै गएकोमा आत्मैदेखी खुशी व्यक्त गरे । बड्गामीको सहयोगी मन शिक्षा क्षेत्रमा मात्र नभै धार्मिक क्षेत्रमा पनि उस्तै अग्रसर देखिन्छन् । भद्रकाली मन्दिरमा हरिगोपालले बाबा टेक वहादुर वड्गामी र आमा सूर्यमाया वड्गामीको स्मृतिमा यज्ञ मण्डव बनाइदिनु भएको छ । भद्रकाली मन्दिरको वरिपरि एक सय आठ बत्तिका पाला र मन्दिरको अगाडि दुई सिहं द्धारपाल सहयोग गरेका छन् वड्गामीले । अझ वड्गामीले भद्रकाली मन्दिर भित्र रहनु भएको काली मातालाई अन्दाजी दुई केजी चाँदीले सिंगारीदिएका छन् । जुन मन्दिरको आजीवन सदस्य रहको छन् । सोही मन्दिरले आयोजना गरेको महायज्ञमा तीन लाख तीस हजार सहयोग गरेका छन् बड्गामीले । अरुको पिडा सहन नसक्ने, अरुको रोदनलाई देख्न नसक्ने भकारी सरी भरिएका मनका धनी बड्गामीले शिक्षा देखी धार्मिक हुँदै विभिन्न संघसस्था र आर्थिक कमजोर भएका व्यक्तिहरुलाई सहयोग गर्दै आइरहेका छन् । "विद्यालय मेरो दोस्रो घरजस्तै हो । म यहीँबाट धेरै ज्ञान प्राप्त गरें, सिप सिकेँ, र अब केही बाँकी योगदान दिन सकियोस् भन्ने चाहना भएको," बड्गामीले भावुक हुँदै भने । उनै बड्गमीको सहयोगमा भद्रकाली माविको मुख्य प्रशासनिक भवनको माथि हरिगोपाल/ पूर्णमाया बड्गामी बैठक कक्ष निर्माण गरिदिएका छन् । सोही कक्षको चापी हालै हरिगोपाल बड्गामीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङ माइलालाई दिएर हस्तान्तरण कार्यक्रम गरियो । विद्यालयका प्रधानाध्यापक यदुराज पगेनी भन्छन्-बड्गामी बुबाको योगदान हामी सबैका लागि प्रेरणाको स्रोत हो । उहाँले जुन माया र समर्पण देखाउनुभयो, त्यो बिरलै पाइन्छ । व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङले बड्गामी बाबाले लामो समय देखि विद्यालयमा गर्नु भएको योगदानको चर्चा गरेर नसकिने हुनाले उहाँको परिवारलाई विद्यालय परिवारको तर्फवाट हार्दिक आभार प्रकट गरे । बड्गामी बाबाको सहयोगले हाम्रो विद्यालयको पठनपाठनको वातावरणमा अझ स्तरीय, सुरक्षित र सहज बन्न पुग्ने अध्यक्ष गुरुङले भने । विद्यालयको विकासमा बड्गामी जस्तो सहयोगी मन भएका व्यक्तिको साथ पाएर हामी गर्वित र उत्साहित भएको छौ साथै भविष्यमा पनि यस्तै सहयोग, सल्लाह र मार्गदर्शन पाइरहने अपेक्षासहित पुनः एक पटक बड्गामीलाई मुरी मुरी धन्यवाद माइलाले दिए । बड्गामी बुबाले निर्माण गरिदिनु भएको बैठक कक्षले अव विद्यालयमा कुनै पनि बैठक बस्न सजिलो हुने अध्यक्ष माइलाले पोखरापत्र दैनिक सँग खुशी व्यक्त गरे । बैठक कक्ष हस्तान्तरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष लोकवहादुर कार्की, पूर्व अध्यक्ष बजिरमान श्रेष्ठ, शिक्षक अभिभावक संघका अध्यक्ष हरिकला श्रेष्ठ र विद्यालय व्यवस्थापन समितिमा शिक्षक प्रतिनिधि जिवन बुढाथोकी लगायतले वोलेका थिए । विद्यालयप्रतिको मायाले बनाइएको यो बैठक कक्ष केवल भवन होइन । त्यो सेवा, सम्झना र सद्भावको प्रतीक बनेको छ । बड्गामी बाबाको हरेक दीनचर्या देखेर दगं छन् जेठा छोरा राजन वड्गामी । बाबाको भद्रकाली स्कुलमा मात्र नभै भद्रकाली मन्दिरमा पनि उस्तै लगाव देखेर आनन्द लाग्ने छोरा राजनले पोखरापत्रलाई वताए । भद्रकाली माविमा २०६० पछि भौतिक निर्माणको संयोजकमा बसी धरै कार्य गर्नु भएकोमा हाम्रो परिवारमा खुशी नै खुशी छाएको छोरा राजनले भने । बाबा विद्यालयको व्यवस्थापन समितिमा रहँदा बैठक बस्दा देखेको अवस्थालाई मध्यनजर गर्दै अझ राम्रो सँग बैठक संचालन होस भनि हालसालै प्रशासनिक भवनको माथिल्लो तलामा बैठक कक्ष निर्माण गरिदिनु भएकोले राम्रो वातावरणमा बैठक संचालन हुनेमा छोरा राजन खुशी छन् ।

# 'छोरी काखामा, बचत खातामा'

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

कास्कीको रुपा गाउँपालिकाले 'रुपाकी छोरी' कार्यक्रममार्फत नयाँ जन्मने छोरीहरूका नाममा खाता खोल्न प्रोत्साहन गरी न्यूनतम रकम निजको खातामा जम्मा गर्ने कार्यक्रम अघि बढाउने भएको छ ।

गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा 'छोरी काखामा, बचत खातामा' नाराका साथ कार्यक्रम अघि बढाएको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो । गाउँपालिकाले विशेष संरक्षण तथा हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गरी उनीहरूको उचित व्यवस्थापनका लागि उचित कार्यक्रम सञ्चालन गरिने जनाएको छ ।

आपत्कालीन बालकोषको स्थापना भइसकेकाले यसको परिचालन गर्दै आपत्मा परेका बालबालिकाको उद्धार तथा संरक्षणका लागि गाउँपालिकामा एक बाल संरक्षण तथा स्याहार केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न लागेको समेत अध्यक्ष ओझाले बताउनुभयो । पाँच वर्षमुनिका बालबालिकाको पोषण अवस्था सुधारसम्बन्धी कार्यक्रम सञ्चालन गरिने पनि जनाइएको छ । बाल विवाह, बाल हिंसा, लागु पदार्थ दुर्व्यसनी तथा दुर्व्यवहारलगायतका सामाजिक कुरीतिविरुद्ध नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिने उहाको भनाइ छ ।

बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि आधार वर्षका रूपमा दिई २०८२ साल भदौ २९ गते घोषणा गर्ने गरी स्थानीय बाल अधिकार समिति, वडास्तरीय बालअधिकार समिति, गाउँपालिका र वडास्तरीय बाल सञ्जालको गठन, पुनर्गठन, अभिमुखीकरण तथा परिचालनका साथै निर्धारित सूचकमा आधारित कार्यक्रमलाई निरन्तरता दिइने गाउँपालिकाले जनाएको छ ।

# एसईईमा मदरल्याण्ड माविको ऐतिहासिक सफलता, ११ विद्यार्थीले ल्याए ४ जीपीए

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

पोखरा-७ मासबारस्थित मदरल्याण्ड माध्यमिक विद्यालयले एसइई २०८१ को परीक्षामा नेपालमै उत्कृष्ट नतिजा हासिल गरेको छ ।

हालसम्म प्राप्त विवरण अनुसार विद्यालयका ११ जना विद्यार्थीले पूर्ण ४ जीपीए ल्याउन सफल भएको बिद्यालय परिवारले जनाएको छ । ४ जीपीए ल्याउने विद्यार्थीहरूमा अभिनव पराजुली, आमन गुरुङ, आरध्ये पौडेल, दिव्या पराजुली, अर्पण पौडेल, विशेष बन्जारा, रितिका यादव, ओशन त्रिपाठी, साक्षी भण्डारी, सभ्य मल्ल र शास्वत रेग्मी रहेको बिद्यालयका विद्यालयका प्राचार्य नारायण बरालले बताउनु भयो । अघिल्लो वर्षको तुलनामा यस वर्ष एक जनाले बढी ४ जीपीए ल्याएको उहाँले जनाउनु भयो । अघिल्लो वर्ष १० जनाले ४ जीपीए ल्याएको बरालले स्मरण गर्नुभयो । १ सय ६६




जना सहभागी मध्ये ११ जनाले ४ जिपिए १८ जनाले ३.९६ ल्याएका छन् भने १३७ जना विद्यार्थीले ३.६० भन्दा माथिको ग्रेड प्राप्त गरेका छन्। २८ जनाले ३.२०-३.६० बीचको ग्रेड र १ जनाले ३.०५ ल्याउँदै विद्यालयले १०० प्रतिशत सफलता प्राप्त गरेको प्लस टु इन्चार्ज नारायण आचार्यले जानकारी दिनुभयो । विद्यालयले विगतमा पनि उत्कृष्ट नतिजा ल्याउँदै आएको छ। २०७९ मा २ जना, २०७५ मा ७ जना विद्यार्थीले ४ जीपीए ल्याएका थिए भने कक्षा १२ को बोर्ड परीक्षामा समेत यहाँका विद्यार्थीले राष्ट्रिय स्तरमै टप गर्ने सफलता प्राप्त गरेका छन् । विद्यालय परिवारले नतिजालाई ' गर्वको उपलब्धि' भन्दै विद्यार्थी, अभिभावक र शिक्षकहरूलाई धन्यवाद ज्ञापन गरेको छ ।

## गण्डकी ...

बजेटमाथि प्रदेशसभा सदस्यहरूले उठाएका प्रश्नको मन्त्रीहरू र मुख्यमन्त्रीले प्रदेशसभामा जवाफ प्रस्तुत गर्नुभएको थियो । शुक्रबारको बैठकमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राथमिकताका आधारमा बजेट बाँडफाँट गरिएको बताउनुभयो । पुरानो दायित्व थपिँदा कास्की र गोरखामा बढी बजेट विनियोजन भएको उहाँको भनाइ थियो । "कास्की प्रदेशको राजधानी र पर्यटकीय राजधानीसमेत भएकाले बजेटको प्राथमिकतामा पर्नु स्वभाविक हो, गोरखामा पुराना आयोजनाको दायित्व सिर्जना हुँदा बजेट बढी विनियोजन भएको हो", मुख्यमन्त्री पाण्डेले भन्नुभयो ।

भौतिक पूर्वाधारतर्फ रु ५० लाखभन्दा कमका योजनामा बजेट नराख्ने भनिए पनि पुरानो दायित्वकै कारण कतिपय योजनामा त्योभन्दा थोरै बजेट विनियोजन गर्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो । स्रोत सुनिश्चित नगरी योजना छनोट गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने मुख्यमन्त्री पाण्डेले बताउनुभयो । प्रदेश सरकारले आगामी आव २०८२/८३ का लागि रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट ल्याएको थियो ।

**बालश्रमको अन्त्य गरौं**

बालश्रमका कारण:
- शिक्षाबाट बञ्चित हुने,
- मानसिक र शारीरिक स्वास्थ्यमा असर पर्ने,
- भविष्य अन्धकार हुने,
- बालअधिकारको उल्लङ्घन हुन्छ,

त्यसैले:
- बालश्रमको विरोध गरौं,
- शिक्षाको पहुँच सबैमा सुनिश्चित गरौं,
- गरिबी निवारणमा सहयोग गरौं,
- बालश्रम गराउनेलाई कानुनी कारबाही गर्न सहयोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# अन्नपूर्णमा स्थलगत भुक्तानी शिविर

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले वडामै पुगेर उपभोक्ता समितिलाई योजनाको भुक्तानी दिन थालेको छ ।

गाउँपालिकाको कार्यालय पोखरेबगर आउन अपायक पर्ने उपभोक्ता समितिलाई घुम्ति शिविरमार्फत वडा कार्यालयमा पुगेर भुक्तानीसम्बन्धी सेवा दिएको हो । गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनको नेतृत्वमा रहेको अनुगमन समिति, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कँडेल र लेखा अधिकृत नवीन पौडेल सहितको टोलीले बिहीबार वडा नं १ दोवामा घुम्ती शिविर मार्फत योजनाको स्थलगत भुक्तानीसम्बन्धी सेवा दिएको जनाइएको छ । "गाउँपालिका कार्यालय आउनजान अपायक पर्ने उपभोक्ता समितिको सहजताका लागि हामीनै वडामा पुगेर स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र भुक्तानीसम्बन्धी सेवा दिन थालेका हौ," उहाँले भन्नुभयो "वडाका जनप्रतिनिधिमार्फत आवश्यक कागजात र प्रतिवेदन तयार पारेपछि गाउँपालिकाबाट वडामै पुगेर भुक्तानी दिने नयाँ अभ्यास गरिएको हो ।"

हालसम्म चार वटा उपभोक्ता समितिले वडाबाटै भुक्तानी पाइसकेका छन् । एउटा उपभोक्ता समितिको बिल नमिलेपछि कागजात मिलाएर गाउँपालिकामा आउन सुझाव दिएको उपाध्यक्ष तिलिजाले बताउनुभयो।गाउँपालिकालेयसअघि वडा कार्यालयमा पुगेर योजना सम्झौता र उपभोक्ता समितिलाई अभिमुखीकरण गर्दै आएको थियो । वडामै भुक्तानीसम्बन्धी सेवा पाउँदा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई पालिकाको केन्द्रमा पुग्ने झञ्जट हट्नुका साथै खर्च र समयको बचत भएको अन्नपूर्ण-१ का वडा अध्यक्ष दिलीपकुमार गर्बुजाले बताउनुभयो ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा ११३ वटा पूर्वाधारसम्बन्धी योजना सञ्चालन गरेको छ । त्रियासी वटा योजनाका उपभोक्ता समितिले भुक्तानी लगिसकेका छन् भने ३१ वटाको बाँकी छ । ठेक्का तथा कोटेशनमार्फत सञ्चालित १८ वटा योजनामध्य आठ वटाको भुक्तानी भएको र १० वटा बाँकी रहेको जनाइएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# राष्ट्रिय महिला ह्याण्डबलका लिग चरणका खेल सकिए

पोखरापत्र संवाददाता
पोखरा, १३ असार



पोखरामा जारी प्रथम गण्डकी कप महिला राष्ट्रिय ह्याण्डबल प्रतियोगिता २०८२ मा लिग चरणका खेलहरु सकिएका छन् । गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन एवं बुल्समेन क्लबको सहयोगमा जारि प्रतियोगितामा शुक्रबार ६ खेल सकिएसँगै लिग चरण सम्पन्न भएको हो ।

प्रतियोगितामा एपिएफ र आर्मी आ-आफ्नो समूहमा विजेता बन्दै सेमीफाइनलमा प्रवेश गरेका छन् भने आयोजक गण्डकी प्रदेश र कोशी उपविजेता बन्दै सेमीफाइनलमा प्रवेश गरे । शुक्रबार समूह 'ए' तर्फ भएको खेलमा गण्डकी प्रदेशले मधेश प्रदेशलाई १६-२ र बागमती प्रदेशलाई १०-३ गोलअन्तरले हरायो । यस्तै एपिएफले मधेश प्रदेशलाई २२-ले हराएको छ । समूह 'बि' तर्फ भएको खेलमा कोशी प्रदेशले कर्णाली प्रदेशलाई ३१-९ र लुम्बिनी प्रदेशलाई १०-२ गोलअन्तरले हराएको छ। त्रिभुवन आर्मीले कर्णालीलाई २२-४ ले हराएको छ। समूह ए बाट एपिएफ समूह विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो । एपीएफले ३ खेलमा ३ जितसहित ९ अंक बटुल्दा दोस्रो भएको गण्डकीले ३ खेलमा २ जित १ हारसहित ६ अंक हासिल गऱ्यो । बागमती ३ खेलमा १ जित २ हारका साथ तेस्रो स्थानमा रहँदा मधेश जित विहिन रह्यो । समूह बि बाट आर्मी ३ खेलमा ३ जितसहित ६ अंकका साथ शिर्षस्थानमा रह्यो । कोशी ३ खेलमा २ जित १ हारसहित ६ अंकका साथ दोस्रो स्थानमा रह्यो । कर्णाली ३ खेलमा १ जित २ हारसहित ३ अंकका साथ तेस्रो र लुम्बिनी ३ हारसहित अंकविहिन रहदै पुछारमा रह्यो । शनिबार सेमीफाइनलमा कोशी प्रदेशले एपिएफको र गण्डकी प्रदेशले आर्मीको सामना गर्नेछ । सेमीफाइनल सकिएपश्चात फाइनल खेल हुने गण्डकी प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठकले जानकारी दिए । प्रतियोगितामा कुल ८ टिमको सहभागिता छ । प्रतियोगिताको विजेताले विजेताले १ लाख रुपैयाँ, उपविजेताले ५० हजार, तेस्रोले ३० तथा चौथो हुनेले २० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने कोषाध्यक्ष कृष्ण सिंह बस्नेतले जानकारी दिए ।

# मुस्ताङमा उठाउन थालियो नदी उत्खनन कर

रासस
मुस्ताङ, १३ असार

कालीगण्डकी नदीको नदीजन्य प्राकृतिक स्रोत ढुङ्गा, गिटी, बालुवाको उत्खनन, सङ्कलन, बिक्री वितरण तथा ओसारपसार गरेबापतको उपयोग कर कसले उठाउने भन्ने विवाद र समस्याको निदान भएको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)अन्तर्गतको संरक्षण क्षेत्र व्यवस्थापन समितिले मुस्ताङमा नदीजन्य प्राकृतिक स्रोत उत्खनन गरेबापत उपयोग दस्तुर (कर) उठाउन थालेको हो ।

एक्यापले आन्तरिक प्रयोजनका लागि सम्बन्धित संरक्षण व्यवस्थापन समितिको सिफारिसका आधारमा कालीगण्डकी नदीमा प्राकृतिक स्रोतको न्यूनतम मापदण्डमा रहेर प्रधान कार्यालयले नदीजन्य उत्खननको सिफारिस दिने गरेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिनुभयो । यसअघि सर्वोच्च अदालतमा परेको रिटमा विसं २०७८ असार २९ गते कालीगण्डकी उत्खनन रोक्न आदेश दिइएको थियो । सर्वोच्चले कालीगण्डकी नदीको बहाव रोक्ने, प्रदूषण गर्ने, ढुङ्गा गिटी, बालुवाको उत्खननजस्ता काम नगर्न आदेश दिएको थियो । सर्वोच्च अदालतले २०८१ कात्तिक ११ गते उक्त रिट निर्देशनात्मक आदेशसहित खारेज गरेको थियो । त्यसपछि संरक्षित क्षेत्रमा नदीजन्य स्रोतको उपयोगका लागि उत्खनन मार्ग खुलेको हो । एक्याप क्षेत्रमा नदीजन्य उत्खनन गर्दा स्थानीयस्तरको उपयोगरआवश्यकतालाईहेरेरमात्रै समितिले उत्खनन सिफारिस गर्नेछ । बर्सेनि असार, साउन र भदौमा नदी उत्खननमा रोक लगाइने एक्यापले जनाएको छ ।

यसैबीच, कास्की जिल्ला अदालतले कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं ८ र ९ को सिएमसीले सरोकारवालालाई विपक्षी बनाई दर्ता गरेका रिट निवेदन २०७७ साल मङ्सिर ३० लाई खारेज गरेको थियो । अन्तरिम आदेशमा एक्यापको क्षेत्र पर्ने नदीजन्य ढुङ्गा, गिटी र बालुवाको उत्खनन गर्दा प्रचलित सङ्घीय कानुनबमोजिम हुने फैसला सुनाएको थियो । यसअघि कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ र ९ का संरक्षण व्यवस्थापन समिति (सिएमसी) अध्यक्ष ओमप्रकाश गुरुङले माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, एक्याप प्रधान कार्यालय र फेवा निर्माण कन्स्ट्रक्सनलाई विपक्षी बनाई एक्याप संरक्षित क्षेत्रको नदीजन्य क्षेत्रमा उत्खनन गराउँदा गैरजिम्मेवार रहेको उल्लेख गर्दै मिति २०७७ साल मङ्सिर ७ गते कास्की जिल्ला अदालतमा रिट दायर गरिएको थियो ।

पालिकाले ठेक्का लगाउँदा जनप्रतिनिधि र कर्मचारी अनि एक्यापले दोहन रोक्ने प्रयास नगरेको आरोप लगाइएको थियो । कास्की अदालतले माछापुच्छ्रे सिएमसीले दर्ता गराएको रिटउपर अन्नपूर्ण संरक्षण क्षेत्रको नदीजन्य उत्खनन सङ्घीय कानुनअनुसार हुने आदेश दिएको हो ।

यसै फैसलालाई कानुनी आधार बनाएर मुस्ताङमा एक्यापले सङ्घीय कानुन र संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३ बमोजिम हुनेगरी कालीगण्डकीको नदीजन्य प्राकृतिक स्रोत ढुङ्गा, गिटी र बालुवाको उत्खनन, सङ्कलन, बिक्रीवितरणको स्थानीय उपयोग दस्तुर उठाउने अधिकार सम्बन्धित सिएमसीलाई नै प्रोत्यायोजन गरिएको हो । एक्याप जोमसोमले सङ्घीय कानुनमा टेकेर मुस्ताङमा स्थानीय तह प्रशासन, जिसस र सरोकारवाला निकायलाई यस सम्बन्धमा सहमतिमा ल्याएको कार्यालय प्रमुख गुप्तको भनाइ छ । एक्याप क्षेत्राधिकारको कालीगण्डकी नदी उत्खनन स्थानीय उपयोग दस्तुर उठाउनका लागि सम्बन्धित सिएमसीले एक्याप कार्यालयको रोहबरमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाबाट अनुमति लिनुपर्ने कार्यालय प्रमुख गुप्तले उल्लेख गर्नुभयो । एक्यापले मुस्ताङको संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएमसी)हरुलाई नदी स्रोतको दस्तुर उठाउन अख्तियारी दिएपछि हालसम्म पाँच वटा समितिले स्थानीय उपयोगका लागि नदीजन्य दस्तुर उठाउन थालिसकेको कार्यालय प्रमुख गुप्तको भनाइ छ । इलाका संरक्षेत्र क्षेत्र कार्यालयअन्तर्गत जोमसोम, मार्फा, कोवाङ, कुञ्जो र लेते समितिले नदीजन्य स्थानीय उपयोग दस्तुर उठाउन थालेको कार्यालय प्रमुख गुप्तले जनाउनुभयो । यसअघि कालीगण्डकीनदीउत्खननसम्बन्धी मुद्दा परेपछि मुस्ताङमा नदी उत्खननमा कानुनी जटिलता खडा भएको थियो । यसैका बाबजुद मुस्ताङमा आन्तरिक रुपमा कालीगण्डकी नदी दोहन भइरहेको थियो । स्थानीय गाउँमुखिया र स्थानीय तहले सङ्घीय कानुन मिचेर मनोमानी कालीगण्डकी उत्खननको कर उठाउँदै आइरहेका थिए ।

मुस्ताङमा प्राकृतिक नदीजन्य स्रोतको समुचित उत्खनन नहुँदा मुस्ताङका कालीगण्डकी नदी उकास बर्सेनि वृद्धि भइरहेको छ । नदी उकासले मुस्ताङका १३ गाउँ कालीगण्डकी नदी कटानको उच्च जोखिममा छन् ।

# मुस्ताङका चार पालिकामा घुम्ती गोठ निर्माण

रासस
मुस्ताङ, १३ असार



जिल्लाको थासाङ गाउँपालिकासहित चार स्थानीय तहका याकचौँरी तथा च्याङ्ग्रापालक किसानलाई घुम्ती गोठ निर्माण गरिएको छ । उच्च लेकमा याकचौँरी तथा च्याङ्ग्रा रेखदेख गरी बस्ने गोठालाहरूको सुविधाका लागि मुस्ताङका चारवटा पालिकामा दुई दर्जन बढी अस्थायी घुम्ती गोठ निर्माण गरिएको हो ।

हिउँदयामका जाडो हुने भएकाले बेँसीमा झारिने यहाँका याकचौँरी तथा च्याङ्ग्रा गर्मीयाममा उच्च लेकका घुम्ती चरन क्षेत्रमा लगेर पालन गरिन्छ । गाउँपालिकाले याकनाक तथा चौँरीपालक किसानलाई लक्षित गरी चालु आर्थिक वर्षमा 'याकचौँरीपालक किसानका लागि आवश्यक पूर्वाधार निर्माण' शीर्षकमा रु आठ लाख बजेट विनियोजन गरेको थियो । थासाङ गाउँपालिकाका लागि ' याक प्रवर्द्धन कार्यक्रम'अन्तर्गत सङ्घीय सरकारको सशर्त अनुदान रु १० लाख विनियोजन भएको थियो । सङ्घीय र पालिकाको विनियोजित बजेटबाट ५० प्रतिशत अनुदान सहुलियत दिनेगरी घुम्ती गोठ निर्माण गरिएको गाउँपालिकाका कृषि शाखा अधिकृत राजन श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाअन्तर्गतका हिमालयन चौँरीपालक तथा संरक्षण समितिमा आवद्ध २० परिवारका याकचौँरीपालक किसानका लागि २० वटा अस्थायी गोठाला बस्ने वातावरणमैत्री गोठ निर्माण गरिएको हो । पालिका र सङ्घीय सरकारको अनुदान रु १८ लाख र सम्बन्धित किसान समितिको लागत साझेदारी रु १८ लाख बजेट खर्चिएर थासाङको मार्चे लेक, मुलीखर्क र बतासे लेकमा अस्थायी गोठ निर्माण गरिएको उहाँले बताउनुभयो ।

ढुङ्गाको पर्खाल, काठको बार र जस्ताले छाएर अस्थायी किसान बस्ने गोठ सम्पन्न गरिएको गाउँपालिकाका पशु शाखा अधिकृत श्रेष्ठले उल्लेख गर्नुभयो । थासाङ-२ का वडाध्यक्ष गौतम शेरचनले सङ्घीय सरकार र पालिकाको अनुदान सहयोगमा मार्चे लेकमा १०, मुलीखर्कमा छ र बतासे लेकमा चारवटा घुम्ती गोठ निर्माण गरिएको जानकारी दिनुभयो ।

गोठ निर्माणले उच्च लेकमा याकचौँरी रेखदेख गर्ने गोठालालाई बस्न सहज भएको उहाँले उल्लेख गर्नुभयो । "गोठाला बस्ने संरचना निर्माण भएसँगै बस्ने र खाने सुविधा सहज भएको छ", वडाध्यक्ष शेरचनले भन्नुभयो, "गोठभित्रै बसेर दूध, दही, घ्यू र छुर्पीलगायत परिकार बनाउन सजिलो भएको छ ।" उहाँका अनुसार थासाङमा २३ परिवारले याकचौँरीपालन गरे पनि २० घर हिमायन याकचौँरी तथा संरक्षण समितिमा दर्ता भएका छन् ।

यहाँस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जिल्लाका चारवटा पालिकामा दुईवटा शीर्षकमा घुम्ती गोठ निर्माण गरिएको जनाएको छ । केन्द्रका प्रमुख पशु चिकित्सक डा लालमणि अर्यालले 'घुम्ती गोठ संरक्षण कार्यक्रम' र 'स्थानीय नश्लको पशु संरक्षण कार्यक्रम'अन्तर्गत रहेर थासाङ, वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा याकचौँरी तथा च्याङ्ग्रा पालकका लागि घुम्ती गोठ निर्माण गरिएको जानकारी दिनुभयो । भेटेरिनरी कार्यालयले चालु आवको वार्षिक स्वीकृत कार्यक्रमअनुसार थासाङमा रु १० लाख, लोघेकर दामोदरकुण्डमा रु १० लाख, वारागुङ र लोमान्थाङमा रु पाँच/पाँच लाख बजेट विनियोजन गरी किसानलाई ९० प्रतिशत अनुदान सहुलियत दिएर गोठ निर्माण गरेको हो । हिमाली जिल्ला मुस्ताङमा बर्सेनि जेठदेखि असोजसम्म उच्च लेकमा याकचौँरी तथा भेडाच्याङ्ग्रापालन गरिन्छ भने हिउँदयाम लागेपछि मङ्सिरदेखि वैशाखसम्म उच्च लेकका याकचौँरी तथा भैँडाच्याङ्ग्रा बस्ती नजिकै स्थान्तरण गरिन्छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँ बाढी पहिरोको उच्च जोखिममा

पोखरापत्र संवाददाता
दमौली, १३ असार

तनहुँका १० वटै स्थानीय तह बाढीपहिरोको उच्च जोखिममा छन् । जिल्ला विपद् व्यवस्थापन समिति तनहुँले तयार गरेको प्रतिकार्य योजना, २०८२ बमोजिम जिल्लास्थित चार नगरपालिका र छ गाउँपालिकाका विभिन्न डा बाढीपहिरोको उच्च जोखिममा रहेका हुन् ।

विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले बाढीपहिरो, आगलागी, महामारी, सुक्खा खडेरी, सडक दुर्घटना, चट्याङलगायत जोखिमको प्रभाव न्यूनीकरण तथा पूर्वतयारीका लागि विपद् पूर्वप्रतिकार्य योजना निर्माण गरी लागू गरिएको जानकारी दिनुभयो । योजना कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समिति तनहुँको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्ला समन्वय समिति, स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अधिकारीले बताउनुभयो । प्रतिकार्य योजनामा उल्लेख भएअनुसार व्यास नगरपालिकाको वडा नं १, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ सम्म र १४ का ६२ टोल बस्ती पहिरोको उच्च जोखिममा छ ।

भानु नगरपालिकाको वडा नं ४, ५, ६ र ७ का टोलबस्ती, भिमाद नगरपालिकाको वडा नं ३, ५, ७, ८ र ९, शुक्लागण्डकी नगरपालिकाको वडा नं ९ र १०, देवघाट गाउँपालिकाको वडा नं १, २, ३ र ४, बन्दीपुर गाउँपालिकाको वडा नं १, २, ४ र ५ का दश बस्ती, घिरिङ गाउँपालिकाको वडा नं २, ३, ४ र ५ का दश बस्ती, ऋषिङ गाउँपालिकाको वडा नं १, २, ३, ६, ७ र ८, आँबुखैरेनी गाउँपालिकाको वडा नम्बर ४, ५, ६ र म्याग्दे गाउँपालिकाको वडा नं १ देखि ७ सम्मका बस्ती पनि पहिरोको जोखिममा छ । यसैगरी व्यास नगरपालिकाको वडा नं १, २, ३, ६, ८, ९, ११ र १३ का ४७ बस्ती, भानु नगरपालिकाको वडा नं १, २, ५, ६, ७, ११, १२ र १३ का बस्ती, भिमाद नगरपालिकाको वडा नं १ को दुई बस्ती, शुक्लागण्डकी नगरपालिकाको वडा नं ४ र ८ को बस्ती, देवघाट गाउँपालिकाको वडा नं १ देखि ५ अन्तर्गतका नदी तटीय क्षेत्र बाढीको जोखिममा छ । बन्दीपुर गाउँपालिकाको वडा नं ६ को सामीकोट क्षेत्र, घिरिङ गाउँपालिकाको वडा नं १ को कालीगण्डकी, मैदीखोला र सिरिङ्दी क्षेत्र किनारका बस्ती, ऋषिङ गाउँपालिकाको वडा नं १, ३, ४, ५, ७ र ८ का झापुटार र बेलटारका नदी किनारका बस्ती, आँबुखैरेनी गाउँपालिकाको वडा नं २, ४, ५, ६ का बस्तीहरू, म्याग्दे गाउँपालिकाको वडा नं ३ र ६ को अकला क्षेत्र बाढीको उच्च जोखिममा छ ।

प्रमुख जिल्ला अधिकारी अधिकारीले भन्नुभयो, "मनसुनको समयमा घट्नसक्ने विभिन्न प्रकोपका घटना र यसबाट सिर्जना हुने विपद्को अवस्थामा तत्काल खोज, उद्धार तथा राहत वितरणलगायत कार्य गर्न कार्ययोजना बनाएर अगाडि बढेका छौँ ।" उहाँले सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय समुदायको प्रभावकारी परिचालनबाट राहत तथा उद्धार कार्यलाई जोड दिएको बताउनुभयो । यो योजनाले मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुग्ने, राहत सङ्कलन एवं उद्धारका लागि सरकारी एवं गैरसरकारी निकायहरूको अधिकतम परिचालन हुने, मनसुनका कारण उत्पन्न हुनसक्ने विपद्मा प्रतिकार्यका लागि सम्बद्ध निकाय तयारी अवस्थामा रहने अधिकारीको भनाइ छ । विपद् व्यवस्थापन समितिले मनसुनको समयमा गर्नुपर्ने पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित निकायको भूमिका र जिम्मेवारी बाँडफाँट गरेको छ । प्रमुख जिल्ला अधिकारीले समन्वयात्मक र नेतृत्वदायी भूमिका, आवश्यकताअनुसार प्रदेश तथा केन्द्रीयस्तरमा सहयोग, सुरक्षा निकाय प्रमुखले खोज तथा उद्धारमा सक्रिय, जोखिमको समयमा सुरक्षा व्यवस्था, जिल्ला समन्वय समिति प्रमुखले स्थानीय तहहरूसँग समन्वय, विपद् सम्बन्धित सूचना सङ्कलनमा सहजीकरण गर्नेछन् । गाउँपालिकाका प्रमुख तथा अध्यक्षले जोखिमबाट प्रभावित हुनसक्ने जनसङ्ख्याको पहिचान, जोखिमयुक्त ठाउँ, बस्ती तथा समुदायको पहिचान, गाउँपालिका तथा नगरपालिकास्तरको मनसुन पूर्वतयारी कार्ययोजना निर्माण गर्नेछन् । राजनीतिक दलका प्रमुखहरूले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई सल्लाह र सहयोग, स्रोत सङ्कलनका लागि समन्वयकारी भूमिका निर्वाह गर्नेछन् भने नेपाल रेडक्रस सोसाइटीका सभापतिले खाद्य, गैरखाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापन, सूचना सङ्कलन तथा सम्प्रेषणका लागि स्वयंसेक परिचालन, प्रकोपको समयमा आपतकालीन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग पुऱ्याउनेछन् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नम्बर ३२ कालिका मन्दिर व्यायमशाला निर्माण तथा तारवार योजनामा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नाम : कालिका मन्दिर व्यायमशाला निर्माण तथा तारबार योजना
उपभोक्ता समितिको नाम : कालिका मन्दिर व्यायमशाला निर्माण तथा तारबार योजना उपभोक्ता समिति
योजनाको कूल लागत : रु. १०,५२,८०६।२७
सम्झौता मिति : २०८१/१२/२२ गते
योजना शुरु मिति : २०८१/१०/२० गते
योजना सम्पन्न मिति : २०८२/२/२५ गते
पोखरा महानगरपालिकाबाट : रु १०,००,०००।-
उपभोक्ता समितिबाट : रु ५२,८०६।२७
उपभोक्ता समिति अध्यक्षः इच्छाबहादुर गुरुङ
उपाध्यक्ष : तारादेवी घिमिरे सचिव : पूजा सुनार सदस्य : भरत केसी, चन्द्रा परियार, बिमल केसी, मनिता केसी, लोकबहादुर पुन
अनुगमन समिति : शोभा विक, शिवजी लामिछाने, खमबहादुर पुन

**कालिका मन्दिर व्यायमशाला निर्माण तथा तारबार योजना उपभोक्ता समिति पोखरा-३२**

# रित्ता कक्षाकोठा रुँगेर बस्दै गाउँका शिक्षकहरू

**सन्तोष गौतम**
म्याग्दी, १३ असार/रासस

विद्यार्थी नभएपछि बेनी नगरपालिका-५ माथिल्लो गाजनेको जगन्नाथ आधारभूत र वडा नं १० को ओखले आधारभूत विद्यालय शैक्षिकसत्र २०८२ देखि बन्द भए ।

शैक्षिकसत्र २०८० मा एक सय दुई र २०८१ मा ७२ जना विद्यार्थी रहेको विस २०१५ मा स्थापना भएको भानु माविमा पछिल्लो केही वर्षयता विद्यार्थी सङ्ख्या निरन्तर घट्दो छ। कक्षा १२ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ रत्नेचौरको भानु माविमा कक्षा ११ र बालकक्षासहित शैक्षिकसत्र २०८२ को विद्यार्थी सङ्ख्या ४८ जना छ । प्रधानाध्यापक दिनेश बोगटीका अनुसार कक्षा १ र ३ मा विद्यार्थी सङ्ख्या शून्य छ। कक्षा ४ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ लामगरामा रहेको युवावर्ष आधारभूत विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिकसत्र २०८२ मा भर्ना हुन आउने विद्यार्थीको सङ्ख्या शून्य छ । चार शिक्षक र कर्मचारी भएको उक्त विद्यालयको बालकक्षामा चार र कक्षा १ मा तीन जना विद्यार्थी छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाका अनुसार २०४१ सालमा स्थापना भएको युवावर्ष आधारभूतमा दशकअघिसम्म एक सय जनासम्म विद्यार्थी हुन्थे ।

बेनी नगरपालिका-२ खबराको हंशबाहिनी आधारभूत विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको सङ्ख्या बराबर छ। दुई जना दरबन्दीका शिक्षक, एक-एक जना बालविकास सहयोगी र कार्यालय सहयोगी रहेको विद्यालयमा विद्यार्थी सङ्ख्या चार छ । कक्षा ३ सम्म पठनपाठनको अनुमति पाएको विद्यालयको कक्षा २ मा एकजना पनि विद्यार्थी छैनन् ।

बालकक्षामा दुई, कक्षा १ र ३ मा एक-एक जना विद्यार्थी छन् । प्रअ सरस्वती नेपालीका अनुसार २०८० सालसम्म ७ कक्षासम्मको पठनपाठन भएको विद्यालयमा विद्यार्थी सङ्ख्या ५१ जना थियो । गत शैक्षिकसत्र २०८१ को सुरुमा २२ विद्यार्थी भएको विद्यालयमा बर्खे बिदापछि ११ जनाले विद्यालय परिवर्तन गरे ।

भानु मावि, युवावर्ष, हंशबाहिनी, जगन्नाथ र ओखले आधारभूत विद्यार्थी अभावको समस्या भेलिरहेका बेनी नगरपालिकाको ग्रामीण क्षेत्रका विद्यालयका उदाहरण हुन् । सुविधायुक्त भवन, दरबन्दीअनुसार स्थायी शिक्षक, विज्ञान, कम्प्युटर प्रयोगशाला र पुस्तकालय भएका सदरमुकाम



बेनीबजार आसपासका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बर्सेनि घट्दो छ । जन्मदर घट्नु, बसाइँसराइ बढ्नु, सडक यातायातको सुविधासँगै निजी विद्यालयले गाउँगाउँमा गाडी पठाएर विद्यार्थी ओसार्नु, सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसक्नु, निजी विद्यालय र अङ्ग्रेजी माध्यमप्रतिको मोह, सामुदायिक विद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, शिक्षक जिम्मेवार नबन्नु र अगुवा तथा समाजको बेवास्ताका कारण सामुदायिक विद्यालय विद्यार्थीविहीन हुने अवस्था आएको बेनी नगरपालिकाको शिक्षा शाखाका उपसचिव क्षेत्रबहादुर भण्डारीले बताउनुभयो ।

बेनी नगरपालिकामा ११ वटा संस्थागत र ५३ वटा सामुदायिक विद्यालय छन् । शैक्षिक अभिलेख प्रणालीको तथ्याङ्कअनुसार बेनीका विद्यालयमा पछिल्लो तीन वर्षयता भर्ना हुने विद्यार्थीको सङ्ख्या घट्दो छ । शैक्षिकसत्र २०८० मा १० हजार ८२५ विद्यार्थी रहेकामा शैक्षिकसत्र २०८१ मा यो सङ्ख्या घटेर १० हजार ५५० मा झर्‍यो । शैक्षिकसत्र सुरू भएको करिब तीन महिनामा बेनीका विद्यालयमा भर्ना हुने विद्यार्थीको सङ्ख्या सात हजार ८२८ रहेको बेनी नगरपालिकाको शिक्षा अधिकृत कमल ढकालले बताउनुभयो।बालकक्षामास-साना उमेरका बालबालिकालाई अक्षर चिनाउन र बानी पार्न ल्याउने अभिभावकले अक्षर चिन्न थालेपछि निजी विद्यालय र अन्यत्र लैजाने गरेको गुनासो शिक्षकहरूले गरेका छन् ।

"दुःख गरेर अक्षर चिन्ने बनाएपछि अभिभावकले निजी विद्यालय र अन्यत्र बच्चा लगिदिँदा मन खिन्न हुन्छ", भानु माविका प्रअ दिनेश बोगटीले भन्नुभयो, "सामुदायिक विद्यालय पढ्ने अधिकांश विपन्न र दलित समुदायका छन् ।" उक्त विद्यालय बेनी नगरपालिकाको सबैभन्दा थोरै विद्यार्थी भएको मावि हो । जहाँ हाल दलित समुदायका १९, ब्रह्मण क्षेत्रीका आठ र जनजातिका ११ विद्यार्थी छन् । बेनी नगरपालिकामा रहेका अन्य सामुदायिक विद्यालयको जातिगत विद्यार्थी सङ्ख्या भानु माविको जस्तै छ ।

सदरमुकाम बेनीबजारमा रहेको प्रकाश माविमा सबैभन्दा बढी सात सय ३२ जना विद्यार्थी छन् । त्यसपछिको बढी विद्यार्थी बेनी सामुदायिकमा छ सय ३७ जना छन् । बेनी नगरपालिका-९ गलेश्वरमा रहेको जडभरत संस्कृत मावि र वडा नं ५ भिरमुनिको पौलस्त्य मावि पनि एक सय जनाभन्दा कम विद्यार्थी सङ्ख्या भएका माध्यमिक विद्यालय हुन् । जिल्लाभरका विद्यार्थीले पढ्ने प्रकाश र बेनी सामुदायिक माविको मावि तहको तुलनामा आधारभूत १-५ तहमा विद्यार्थी सङ्ख्या कम छ । कक्षा ७-८ सम्म निजी विद्यालय पढाउने र ९-१० पढाउन सामुदायिकमा ल्याउने चलन रहेको प्रकाश माविका प्रअ लेखबहादुर हमालको भनाइ छ ।

अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने, विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकसँग निरन्तर अन्तर्क्रिया गर्ने, पोशाक, सरकारले दिनेबाहेक पनि विभिन्न विधामा छात्रवृत्ति, पोशाक उपलब्ध गराएर आकर्षित गर्ने प्रयास गरेका सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न र निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न सकेका छैनन् ।

सामुदायिक विद्यालयका सुविधायुक्त कक्षाकोठा खाली छन् । खेलमैदान सुनसान छन् । शिक्षकहरूले रित्ता कक्षाकोठा रुँगेर बसेका छन् । बेनी नगर कार्यपालिकाअन्तर्गत सामाजिक विकास समितिका संयोजकसमेत रहनुभएका वडा नं ९ का अध्यक्ष चक्र केसीले समुदाय, अभिभावक र विद्यालयबीचको बढ्दो दूरी नै सामुदायिक विद्यालयको शैक्षिक सुधारको चुनौती बनेको बताउनुभयो ।

"शिक्षकहरूलाई जिम्मेवार बनाउन यस वर्षदेखि १६ वटै माविमा विद्युतीय हाजिरी सुरु गरेका छौँ", उहाँले भन्नुभयो, "जनप्रतिनिधि, सरकारी सुविधा लिने कर्मचारी र शिक्षकहरूका छोराछोरी सामुदायिक विद्यालयमा पढाउने गत वर्ष कार्यपालिकाले गरेको निर्णय आंशिकमात्र कार्यान्वयन भएको छ ।" उक्त निर्णयपछि बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले न्यूवेष्ट प्वाइन्ट आवासीय माविमा पढ्दै आएकी छोरी प्रशन्ना पौडेललाई बेनी सामुदायिकमा भर्ना गर्नुभएको थियो ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसी घट्दो जनसङ्ख्या वृद्धिदर र बढ्दो बसाइँसराइको दरसँगै सामुदायिक विद्यालयको तह समायोजन, शिक्षक व्यवस्थापनको काम थालिएको बताउनुभयो । "स्तरीय यातायातको सुविधासँगै कक्षा ११, १२ पढ्नका लागि गाउँबाट सदरमुकाम बेनीका विद्यालयमा आउने विद्यार्थी पोखरा-काठमाडौँ जान थालेका छन्", उहाँले भन्नुभयो, "शैक्षिकसत्रको सुरुमा भएको शिक्षक आन्दोलनका कारण कतिपय अभिभावकले बेनी बाहिर आफ्ना बालबालिका लैजाँदा विद्यार्थी सङ्ख्या घटेको हो ।" सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाएर विद्यार्थीलाई आकर्षित गर्नु र समाज तथा अभिभावकको विश्वास जित्नुको विकल्प नरहेको नगरप्रमुख केसीले बताउनुभयो । तहगत रूपमा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षकलाई पुरस्कृत गर्नेदेखि माध्यमिक तहका विद्यार्थीलाई व्यावहारिक सीप सिकाउन 'हामी सक्छौँ, हामी गर्छौं' मार्फत विभिन्न तालिम सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

कक्षा सञ्चालनका लागि आवश्यक विद्यार्थी सङ्ख्या नपुगेपछि शैक्षिकसत्र २०७९ मा ११ र २०८० मा सातवटा विद्यालयको तह समायोजन (कक्षा घटुवा) गरिएको थियो । तह समायोजन भएका विद्यालयका शिक्षकलाई बढी विद्यार्थी सङ्ख्या भएको नजिकको विद्यालयमा व्यवस्थापन गरिएको छ ।

विद्यार्थी सङ्ख्या बढेपछि विद्यालय पुनःस्थापना र शिक्षक व्यवस्थापन गर्ने नीति लिएको नगरप्रमुख केसीले बताउनुभयो । गत वर्ष तह घटुवा भएको बेनी नगरपालिका-५ को सेतोडुङ्गा आधारभूत विद्यालयमा यो वर्ष विद्यार्थी सङ्ख्या बढेकाले शिक्षक थप गर्न लागिएको नगरपालिकाले जनाएको छ ।

सामुदायिक विद्यालयप्रति विश्वास र आकर्षण बढाउन शिक्षकलाई जिम्मेवार बनाउने, क्षमता विकास, प्रोत्साहन, शिक्षण विधिमा प्रविधिको प्रयोग र विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकमा जागरण ल्याउने, समुदाय र अभिभावकको सुझावका आधारमा शैक्षिक गतिविधि सञ्चालन गर्दै शैक्षिक गुणस्तर सुधार्न आवश्यक देखिन्छ । आवासीय विद्यालय सञ्चालन र विद्यालय समायोजन पनि थप विकल्प हुनसक्ने सरोकारवाला बताउँछन् ।

# फिस्टेल एसइई कप र फिस्टेल एसइई स्कलर्श कप २०८२ सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

पोखरा-१७, तल्लो बिरौटास्थित फिस्टेल एकेडेमी आई.बी.वर्ल्ड स्कुलले एसइई २०८१ मा सहभागी भएका विद्यार्थीहरूका बिच विभिन्न खेलकुद तथा सिर्जनात्मक प्रतियोगिता सम्पन्न गरेको छ ।

यही असार १० गतेबाट सुरु भएको सेभेन ए साइड छात्र फुटबल प्रतियोगितामा वेल नन समूहले पोखरा टप्स समूहलाई ७-२ गोलले पराजित गर्दै च्याम्पियन बन्यो । विजेताले ट्रफी, मेडल र प्रमाणपत्रसहित रु. बिस हजार हात पार्दा उपविजेता पोखरा टप्सले ट्रफी, मेडल र प्रमाणपत्रसहित रु. दश हजार हात पार्‍यो । यस प्रतियोगितामा देशभरका विभिन्न जिल्लाबाट जम्मा ३६ टिम सहभागी भएका थिए । ३/३ छात्र बास्केटबलतर्फ फिस्टेल समूहले बेनपा समूहलाई १६-१० स्कोरमा पाखा लगाई विजेता बन्यो भने बेनपा समूह उपविजेता बन्यो । यस्तै ३/३ छात्रा बास्केटबलमा फिस्टेल समूहले अमिची समूहलाई ६-४ स्कोरका साथ पराजित गरी विजेता भयो भने अमिची समूह उपविजेता बन्न पुग्यो । यी दुवै खेलका विजेताले ट्रफी, मेडल र प्रमाणपत्रका साथ रु. दश हजार नगद हात पारे भने उपविजेताले ट्रफी, मेडल र प्रमाणपत्रका साथ



रु. पाँच हजार हात पारे ।

यसै गरी सिर्जनात्मक प्रतियोगिताअन्तर्गत भएको वेभ डिजाइन प्रतियोगितामा रियोग पनेरु, सुदीप लामिछाने र सक्षम पहारीले क्रमशः प्रथम, द्वितीय र तृतीय बने । विज्ञान तथा गणित ओलम्पियाडतर्फ विष्णुप्रसाद पहारी र सम्राट पौडेलको समूह प्रथम बन्दा विराज सुवेदी, रिजन पोडेल र विकल न्यौपानेको समूह द्वितीय बन्यो । यसैगरी सफल शर्मा, रवि गौतम र अनुपम पराजुलीको समूह तृतीय बन्यो । यस्तै डिजाइन थिङ्किङ च्यालेन्जमा सक्षम पहारी, सङ्घर्ष कार्की, सुदीप लामिछाने, समीप थापा र सुमन ढुङ्गानाको समूह प्रथम बन्दा स्वरूप तिवारी, दर्शन तिवारी, आगमन बराल, दर्शन अधिकारी र आरभ बरालको समूह द्वितीय भन्यो भने एन्जिला थापा, सम्पदा कार्की, अदिती पौडेल, सुयाना गौतम र स्वीकृति श्रेष्ठको समूहले तृतीय स्थान प्राप्त गर्‍यो । सिर्जनात्मक प्रतियोगिताअन्तर्गतका सबै विजेता विद्यार्थीहरूले पुरस्कारका साथमा विभिन्न प्रकारका छात्रवृत्तिहरूसमेत प्राप्त गरे । गण्डकी प्रदेशमै पहिलो वर्ल्ड स्कुल फिस्टेल एकेडेमीले विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउन तथा खेलप्रति विद्यार्थीको आकर्षण बढाउन यस प्रकारको कार्यक्रम आयोजना गरेको कुरा विद्यालयका संस्थापक अध्यक्ष चिनु रानाभाटले जानकारी दिए । पुरस्कार वितरण कार्यक्रममा सम्बोधन गर्दै उनले अबका विद्यार्थीमा शैक्षिक विकासका साथसाथै सर्वाङ्गीण विकास हुनुपर्नेमा जोड दिए । यस किसिमको वातावरण निर्माणमा फिस्टेल एकेडेमी सफल रहेको भन्दै यी सबै विद्यार्थीहरूलाई कक्षा ११ मा स्वागत गर्न आफू आतुर रहेको बताए ।

# शनिबार साँझदेखि देशका विभिन्न क्षेत्रमा भारी वर्षा

**रासस**
काठमाडौं, १३ असार

जल तथा मौसम विज्ञान विभागले शनिबार साँझदेखि लुम्बिनी प्रदेशसहितका पश्चिम नेपालका केही ठाउँमा भारीदेखि अतिभारी वर्षा हुने जनाएको छ ।

शुक्रबार साँझ मनसुन विशेष मौसम बुलेटिन जारीगरी विभागको मौसम पूर्वानुमान महाशाखाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । विभागका अनुसार बङ्गालको खाडी तथा अरबको सागरबाट प्रवाह हुने जलवाष्पयुक्त हावाका साथै त्यस क्षेत्रहरूमा न्यूनचापीय प्रणालीको प्रभावको कारण भारी वर्षा हुन लागेको हो ।

विभागले भनेको छ, "असार १४ गते शनिबार साँझदेखि २०८२ असार १६ सोमबार बिहानसम्म कर्णाली प्रदेशको पहाडी भूभाग, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पहाडी र तराईका भूभागका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । साथै अन्य प्रदेशको पहाडी भूभागका एकदुई स्थानमासमेत भारीदेखि धेरै अतिभारी वर्षाको सम्भावना रहेको छ ।"

महाशाखाले हाल मनसुनको न्यूनचापीय रेखा पूर्वमा सरदर स्थानमा तथा पश्चिममा सरदर स्थानबाट दक्षिणतर्फ अवस्थित रहेको जनाएको छ । शनिबार साँझबाट उक्त रेखा सरदर स्थानबाट उत्तरतर्फ पश्चिम नेपालको केही नजिक सर्ने सम्भावना देखिएको विभागले जनाएकको छ ।

यस प्रणालीको प्रभावले यही शनिबार साँझदेखि असार १६ गते सोमबार बिहानसम्म कर्णाली प्रदेशको पहाडी भूभाग, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पहाडी र तराईका भूभागमा मनसुन सक्रिय हुने सम्भावना रहेको हो ।

तसर्थ, सम्भावित वर्षाको कारणले भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेकाले शहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माणकार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउनुहुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा अनुरोध गरेको छ ।

यस मनसुन प्रणालीलाई मौसम पूर्वानुमान महाशाखाले निरन्तर अनुगमन गरिरहेको छ र सोहीअनुसार नियमित रूपमा अद्यावधिक गर्दै जाने विशेष बुलेटिनमा उल्लेख छ । तसर्थ यस महाशाखाबाट जारी हुने तीनदिने मौसम बुलेटिन नियमित हेर्नुहुन र अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि भनिएको छ ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १५ स्थित सल्यान खान डाँडा तमु समाज निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः सल्यान खान डाँडा तमु समाज
ठेगानाः पोखरा-१५, अमिन तारा
योजना सम्झौता मिति : २०८१/१२/१७ गते
योजना सुरु हुने मिति : २०८१/१२/१९ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/२५ गते
योजनाको कुल लागत : रु. ११,७७,४२२.०५
महानगरपालिकाबाट प्राप्त : रु. १०,००,०००।-
जनसहभागिताबाट : रु. १,७६,५००।-
जम्मा खर्च : ११,७६,५००।-
उपभोक्ता समिति अध्यक्षः राज कुमार घले
सचिवः डिल प्रसाद गुरुङ मो. ९८२०६२९४४८
उपभोक्ता समिति सदस्य संख्याः ११ जना महिलाः ३ पुरुषः ८

**सल्यान खान डाँडा तमु समाज उपभोक्ता समिति पोखरा-१५**


# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न पोखरी निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ असार

मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका लागि यस वर्ष जिल्लाका पाँच वटा सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ । जिल्लास्थित डिभिजन वन कार्यालयको सहयोगमा सामुदायिक वन उपभोक्ता समूहद्वारा पोखरी निर्माण गरिएको हो ।

पानी र आहाराका लागि मानवबस्तीमा आउने वन्यजन्तुलाई वनजङ्गल क्षेत्रमा रोक्ने उद्देश्यले पोखरी निर्माण गरिएको डिभिजनल वन अधिकृत विष्णुप्रसाद अधिकारीले बताउनुभयो । "पानी र आहाराको खोजीमा वन्यजन्तु मानवबस्तीमा नआउन् भनेर यसअघि जङ्गलमा पोखरी निर्माण थालिएकामा उक्त कार्यक्रम प्रभावकारी बनेपछि पछिल्लो तीन वर्षयता यसलाई निरन्तरता दिएका छौँ", उहाँले भन्नुभयो, "वनमा सहज रूपमा पानी र आहारा पाएपछि वन्यजन्तु मानवबस्तीमा नआउन भएकाले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा सहयोग पुगेको छ ।" अन्नपूर्ण गाउँपालिका-७ को दोसल्ले सल्लेरी, रघुगङ्गा-६ को मनिबराह, मङ्गला-१ को चण्डिकागौरा, मालिका-३ को बराहताल र बेनी नगरपालिका-१ को कमेरे भ्र्याउले सामुदायिक वनमा यस वर्ष पोखरी निर्माण गरिएको सहायक वन अधिकृत विनयबहादुर अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार ६१ दशमलव ७५ वर्गमिटर क्षेत्रफलमा निर्माण भएका पोखरीबाट ६१ हजार लिटर पानी उपलब्ध हुन्छ ।

प्रतिपोखरी निर्माणका लागि कार्यालयले समूहलाई रु एक लाख अनुदान सहयोग गरेको छ । यसअघि आव २०७८/७९ मा १०, आव २०७९/८० मा छ र आव २०८०/८१ मा १० गरी २६ वटा पोखरी निर्माण भइसकेका छन् ।

बराहताल सामुदायिक वनका अध्यक्ष धनबहादुर रोकाले वनमा निर्माण गरिएका पोखरीले जैविक विविधता संरक्षण, जलवायु अनुकूलन तथा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका साथै जङ्गलमा पानीको स्रोत संरक्षण र चिस्यान कायम गराउन सहयोग पुगेको बताउनुभयो ।

जिल्लामा पछिल्लो समय रतुवा, मृग, बाँदर, चितुवालगायत वन्यजन्तु वन नजिकको मानवबस्तीमा आएर क्षति पुर्‍याउन थालेका छन् । यसरी बस्तीमा पस्ने वन्यजन्तुले मानिस र घरपालुवा जनावरलाई आक्रमण गर्दछन् ।